नेपाल सरकार
स्वास्थ्यतथा जनसंख्यामन्त्रालय
भरतपुर अस्पताल

## सिलवन्दी वोलपत्र/दरभाउपत्र सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशितमितिः-२०७१ । ११।१२ )

यस अस्पतालको चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार आ.व. ०७१।७२ मा निम्नानुसारका विभिन्न मेशिनरी औजार तथा उपकरणहरु बोलपत्र/दरभाउपत्रको माध्यम वाट खरीद गर्नुपर्ने भएकोले योग्य वोलपत्र/दरभाउपत्रदाता वाट निम्नशर्तहरुको अधिनमा रही रित पूर्वकको वोलपत्र/दरभाउपत्र यस अस्पतालको Web site www.bharatpurhpspital.gov.np डाउनलोड गरि खरीद गर्न सकिनेछ।

**शर्तहरुः**

१. आ.व. २०७०/०७१ का लागि नविकरण भएको इजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखिनिवेदनदिई यस अस्पतालको Website http//www.bharatpurhospital.gov.npकोeProcurement System मा गई TOR downloadगर्न सकिनेछ । TOR खरीदगर्न सि.नं.१ देखि ४ सम्म सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र रितपूर्वक रु.१५१०।- (पन्ध्रसय दश रुपैया मात्र) (फिर्ता नहुने गरी) र सि.नं.५ देखि ७ सम्म सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र रितपूर्वक रु.३१०।- (तिनसय दश रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.९६७ मा जम्मा गरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र/दरभाउपत्र पेश गर्दा जमानत वापत कबोल अंकको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकमजम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३. खरीद भएको बोलपत्र/दरभाउपत्र सि.नं.१ देखि ४ सम्म सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र र सि.न.५ देखि ७ सम्म सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.npको eProcurement System मा गई बैंक भौचर, विडवन्ड, BOQ समेतका कागजात Scan गरी Upload गरी सक्नुपर्नेछ । Upload भएका बोलपत्र/दरभाउपत्रहरु सि.नं.१ देखि ४ सम्म ३१(एकतीसौ) दिनको २:०० वजे र सि.नं.५ देखि ७ सम्म १६(सोह्रौ) दिनको २:०० बजे यस अस्पतालमा बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र/दरभाउपत्र खरीदगर्ने वा दर्ता गर्ने अन्तिम दिनविदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ ।

४. बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ ।

५. बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको बोलपत्र/दरभाउपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्र/दरभाउपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा बोलपत्र/दरभाउपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुलउपर गरिनेछ ।

६) सप्लाई गरिने सम्पूर्ण मेशिनरी औजार तथा उपकरणहरु उच्च गुणस्तरको हुनपर्नेछ ।

७) बोलपत्र/दरभाउपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि बोलपत्र/दरभाउपत्र माकुनै परिवर्तन गरिने छैन ।

८) कुनै दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ ।

९) आपूर्ति गरिएका मेशिनरी औजार तथा उपकरणहरु निरिक्षण एव परिक्षण गर्दा सम्झौतामा उल्लेखित प्राविधिक

Medical Superintendent

स्पेसिफिकेसन र गुणस्तर वमोजिमका नभए सम्फौता रद्द गरिनेछ।

१०) संम्झौता गरी मेशिनरी औजार तथा उपकरणहरु सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

११) वारेण्टी तथा मर्मत सम्भार सम्वन्धमा २ वर्षको लिखित प्रतिवद्दता पेश गर्नु पर्ने छ ।

१२) थप जानकारीको लागि यस अस्पतालको जिन्सी शाखामा सर्म्पक राख्न सकिनेछ ।

१३) शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र/वोलपत्र उपर कुनै कारवाही हनेछैन । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन ।

१४) बोलपत्र/दरभाउपत्रदाताले आफू कालोसूचीमा नपरेको भनी स्वयं घोषणा पेश गर्नुपर्नेछ ।

१५) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

| सि.नं. | ठे.नं. | विवरण | बोलपत्र वा दरभाउपत्र | बोलपत्र वा दरभाउपत्र दस्तुर | खरीद गर्ने अन्तिम मिति | दाखिलागर्ने अन्तिममिति | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | २१/०७१/०७२ | **NICU Ventilator** | बोलपत्र | १५१०।०० | ३० औ दिन | 31औ दिनको १२:००वजे | 31औ दिनको 2;00वजे |
| २ | २२/०७१/०७२ | **Fully Automatic Biochemistry Analyzer** | बोलपत्र | १५१०।०० | ३० औ दिन | 31औ दिनको १२:००वजे | 31औ दिनको 2;00वजे |
| ३ | २३/०७१/०७२ | **Anesthesia Machine** | बोलपत्र | १५१०।०० | ३० औ दिन | 31औ दिनको १२:००वजे | 31औ दिनको 2;00वजे |
| ४ | २४/०७१/०७२ | **Infant Incubator** | बोलपत्र | १५१०।०० | ३० औ दिन | 31औ दिनको १२:००वजे | 31औ दिनको 2;00वजे |
| ५ | २५/०७१/०७२ | **Syringe Pump** | दरभाउपत्र | ३१०।०० | १५ औ दिन | 16औ दिनको १२:००वजे | 16औ दिनको 2;00वजे |
| ६ | २६/०७१/०७२ | **Infusion Pump** | दरभाउपत्र | ३१०।०० | १५ औ दिन | 16औ दिनको १२:००वजे | 16औ दिनको 2;00वजे |
| ७ | २७/०७१/०७२ | **Electric Digital Vacuum Delivery Machine** | दरभाउपत्र | ३१०।०० | १५ औ दिन | 16औ दिनको १२:००वजे | 16औ दिनको 2;00वजे |

**Medical Superintendent**